# COVID-19

# COVID-19 को परीक्षण गर्दा पोजिटिभ देखिनु भनेको के हो भनेर बुझौं (Understanding what a positive COVID-19 test result means)

COVID-19 को परीक्षण गर्दा तपाईंको मुख वा नाकमा भाइरस छ भने पत्ता लाग्छ।

तपाईंको COVID-19 परीक्षण गर्दा पोजिटिभ परिणाम देखिनुको अर्थ के हुन्छ भनेर तपाईंले बुझ्नु जरुरी छ।

कानुन अनुसार, तपाईंमा कुनै लक्षण देखिएका छैनन् भने पनि तपाईंले परीक्षण गराएको मितिदेखि तपाईं कम्तीमा पनि 10 दिनसम्म अनिवार्य रूपमा स्व-एकान्तबासमा बस्नुपर्छ।

तपाईंमा कुनै लक्षण देखिए भने तपाईं अनिवार्य रूपमा लक्षण देखिएको मितिदेखि 10 दिनसम्म स्व-एकान्तबासमा बस्नुपर्छ।

तपाईंसँग नजिकको सम्पर्कमा आएको अन्य कुनै व्यक्तिले पनि कानुनअनुसार कम्तीमा 14 दिनसम्म अनिवार्य रूपमा स्व-एकान्तबासमा बस्नुपर्छ र लक्षण देखिन्छन् कि भनेर निगरानी गर्नुपर्छ।

बिरलै मात्र COVID-19 परीक्षण गर्दा त्रुटिपूर्ण रूपमा पोजिटिभ देखिने गर्छ। यसको अर्थ तपाईंमा भाइरस छैन र तपाईंले कसैलाई पनि सङ्क्रमण सार्न सक्नुहुन्न भन्ने हुन्छ। त्रुटिपूर्ण पोजिटिभ देखिएको नतिजा गलत छ भनेर बताउने कुनै तरिका छैन।

स्व-मूल्याङ्कन गरेर र परीक्षण गर्न अनुरोध गरेर मैले माथि दिइएको जानकारी स्वीकार गरेको र बुझेको हुन्छ।